# बिन्दावासिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**वहुअर्वा भाठा,पर्सा**
**प्रदेश नं.२, नेपाल**
स्थापित-२०७३

## प्राविधिक सहायक करारमा पदपुर्ती गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति (२०७७/०५/१५)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७७र७८ च.न./२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस बिन्दावासिनी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**तपशिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्ने छ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः** बिन्दावासिनी गाउँपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मितिः** २०७७/०५/३१

**४. आवेदनको दस्तुरः** रु.५००/- (पाँच सय मात्र)

**५ छनौटको किसिमः** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरु :** (आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु)

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र/चारित्रिक प्रमाण-पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपार्ट आकारको फोटो

**७. सेवा सुविधाः** (गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

*नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानका www.pmep.gov.np मा उपलब्ध छ ।*